Norway

SUOMI FINLAND

UNDP

Renewable Energy for
Resilient Agri-Food Systems
कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा

RERAS

# वातावरणमैत्री स्थानीय शासन

# संस्थागत व्यवस्था, भूमिका र जिम्मेवारी

# सत्रको रुपरेखा

- वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति
- वडा समन्वय समितिको काम कर्तव्य, अधिकार र जिम्मेवारी
- वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समिति
- समितिको काम, कर्तव्य र अधिकार
- वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति
- समितिको काम, कर्तव्य र अधिकार
- वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति
- समितिको काम, कर्तव्य र अधिकार
- कार्यान्वयन रणनीति
- कार्यान्वयन प्रक्रिया

# वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति

| | |
|---|---|
| • वडा अध्यक्ष | अध्यक्ष |
| • वडा सदस्यहरु | सदस्य |
| • नेपाल प्रहरी, स्थानीय एकाई प्रमुख | सदस्य |
| • सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट एकजना | सदस्य |
| • सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मध्येबाट एकजना | सदस्य |
| • सामुदायिक संस्थाका प्रमुख मध्येबाट दुईजना | सदस्य |
| • क्रियाशील गैरसरकारी संस्थाका स्थानीय प्रतिनिधि | सदस्य |
| • वडा सचिव | सदस्य सचिव |

## वडा समन्वय समितिको काम कर्तव्य, अधिकार र जिम्मेवारी

- वडा तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, भू-उपयोग योजना कार्यान्वयन, जलवायू परिवर्तन अनुकूलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,
- घर परिवार र टोललाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास, सहयोग, समन्वय तथा सहजीकरण गर्ने,
- आधारभूत सूचक पूरा गर्ने घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्ने,
- वातावरणमैत्री वडा घोषणा गर्न गाउँपालिका तथा नगरपालिका समक्ष सिफारिस गर्ने,
- परिस्कृत सूचक हासिल गर्ने घर परिवार तथा टोललाई तारासहितको लोगो प्रदान गर्ने,
- वातावरणमैत्री घर-परिवार, टोलको विवरण त्रैमासिक रूपमा गाउँपालिका/नगरपालिकामा पठाउने,
- वातावरणमैत्री घर परिवार एवम् टोललाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने,
- वडालाई वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने।

# वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समिति

- नगरप्रमुख÷गाउँपालिका अध्यक्ष — अध्यक्ष
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि — सदस्य
- अधिकृत प्रतिनिधि,जिल्ला समन्वय समिति — सदस्य
- नेपाल प्रहरी, स्थानीय एकाई प्रमुख — सदस्य
- खानेपानी तथा सरसफाई शाखाप्रमुख — सदस्य
- शिक्षा शाखा प्रमुख — सदस्य
- स्वास्थ्य शाखा प्रमुख — सदस्य
- महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य
- सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट तीनजना — सदस्य
- सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मध्येबाट दुईजना — सदस्य
- सामुदायिक संस्थाका प्रमुख मध्येबाट पाँचजना — सदस्य
- गाउँ/नगरपालिकास्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख — सदस्य
- गैरसरकारी संस्थास्थानीय समन्वय समितिका प्रमुख — सदस्य
- वातावरणतथा विपद् व्यवस्थापन महाशाखा/शाखा प्रमुख — सदस्य सचिव

# समितिको काम, कर्तव्य र अधिकार

- वडास्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, शहरी विकास तथा भूउपयोग योजना र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,
- लाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग, समन्वय र सहजीकरण गर्ने,
- वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,
- वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न सिफारिस गर्ने,
- वातावरणमैत्री घर-परिवार, टोल तथा वडा सम्बन्धी विवरण त्रैमासिक रुपमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति र राष्ट्रिय समन्वय समिति समक्ष पठाउने,
- वातावरणमैत्री टोल एवम् वडालाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने,
- परिस्कृत सूचक हासिल गर्ने वडालाई तारासहितको लोगो प्रदान गर्ने,
- गाउँपालिका तथा नगरपालिकाको विशिष्टताका आधारमा थप सूचक समावेश गर्नु पर्ने भए सहमतिका लागि वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्ने,
- स्थानीय तहलाई पूर्णरुपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने।

# वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति

| | |
|---|---|
| • प्रमुख, जिल्ला समन्वय समिति | अध्यक्ष |
| • जिल्लाभित्रका गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुख | सदस्य |
| • प्रमुख जिल्ला अधिकारी | सदस्य |
| • जिल्ला प्रहरी प्रमुख | सदस्य |
| • खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रमुख | सदस्य |
| • डिभिजन वन अधिकृत | सदस्य |
| • जिल्ला शिक्षा विकास तथा समन्वय एकाई प्रमुख | सदस्य |
| • स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| • अध्यक्ष, जिल्ला उद्योग वाणिज्य सङ्घ | सदस्य |
| • अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ जिल्ला समिति | सदस्य |
| • जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

# समितिको काम, कर्तव्य र अधिकार

- जिल्लामा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,
- गाउँपालिका तथा नगरपालिकालाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरण गर्ने।
- आधारभूत सूचक हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई वातावरणमैत्री घोषणा गर्न सिफारिस गर्ने,
- जिल्ला भित्रका वातावरणमैत्री घर-परिवार, टोल, वडा तथा गाउँपालिका एवम् नगरपालिका सम्बन्धी विवरण त्रैमासिक रूपमा वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति समक्ष पठाउने,
- जिल्लास्थित कार्यालयको अनुगमन मापन गरी सूचक पूरा गर्नेलाई वातावरणमैत्री कार्यालयको लोगो तथा कदरपत्र प्रदान गर्ने,
- परिस्कृत सूचक हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई तारासहितको लोगो प्रदान गर्ने,
- जिल्लालाई वातावरणमैत्री घोषणा गर्न आवश्यक कार्यहरू गर्ने, गराउने।

# वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति

| | |
|---|---|
| • सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अध्यक्ष |
| • सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| • सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| • सहसचिव, शहरी विकास मन्त्रालय | सदस्य |
| • सहसचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| • सहसचिव, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | सदस्य |
| • सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| • सहसचिव, खानेपानी मन्त्रालय | सदस्य |
| • सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| • प्रमुख, जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ तथा सदस्य | |
| • गाउँपालिका राष्ट्रिय महासङ्घ | सदस्य |
| • सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, | |
| सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य सचिव |

# समितिको काम, कर्तव्य र अधिकार

- वातावरणमैत्री स्थानीय शासन कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन नेपाल सरकारका विषयगत मन्त्रालय/निकाय, विकास साझेदार तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नीतिगत निर्देशन तथा समन्वय गर्ने,
- वातावरणमैत्री जिल्ला, गाउँ तथा नगर घोषणा गर्न सहमति प्रदान गर्ने,
- समग्र कार्यक्रमको समीक्षा गरी आवश्यक निर्देशन दिने,
- यस प्रारुपमा उल्लिखित सूचकहरुलाई स्थानीय तहको विकास योजनामा मूलप्रवाहीकरण गर्न समन्वय तथा सहजीकरण गर्ने।
- कुनै स्थानीय तहले विशिष्ट सूचक समावेश गर्न स्वीकृतिका लागि माग गरेमा उपयुक्तता हेरी सहमति प्रदान गर्ने।
- वातावरणमैत्री जिल्ला, नगर र गाउँपालिकालाई पुरस्कृत र प्रोत्साहित गर्न उपयुक्त नीति तथा कार्यक्रम नेपाल सरकार समक्ष सिफारिस गर्ने।
- यस प्रारुपको कार्यान्वयनका लागि आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने।


# कार्यान्वयन रणनीति

- सन्नीकटताको सिद्धान्तको आधारमा स्थानीय तहको नेतृत्वमा वातावरण संरक्षण सम्बन्धी कार्यसञ्चालन गर्न प्रोत्साहित गर्ने।
- सबै तहका लागि निर्धारित सूचकहरुको प्राप्तिमा सकारात्मक प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने।
- वातावरणमैत्री स्थानीय शासन प्रारुपका विषयहरुलाई स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।
- सबै तहको संस्थागत क्षमता विकास गरी सूचकहरु हासिल गर्न सघाउ पुऱ्याउने।
- सूचना, शिक्षा र सञ्चारको माध्यमबाट सामाजिक व्यवहारमा परिवर्तन गर्ने।
- सरोकारवालाहरु बीचको समन्वय र सहकार्यमा जोड दिने।
- अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणका आधारमा निरन्तर सुधार गर्ने।

# कार्यान्वयन प्रक्रिया

- प्रचार–प्रसार
- आधार तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अद्यावधिक
- संस्थागत व्यवस्था
- क्षमता विकास
    - टोल-समुदाय तह
    - वडा तह
    - गाउँपालिका/नगरपालिका तह

# हामी सक्छौं


वातावरणमैत्री घर
वातावरणमैत्री टोल/वार्ड
वातावरणमैत्री गाउँ/नगरपालिका
वातावरणमैत्री जिल्ला
वातावरणमैत्री राष्ट्र

धन्यवाद